# नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३।२।१२ मा गोकर्णमा सहमती भएको युद्धविराम आचार-संहिता

**प्रस्तावना**

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै;

प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै;

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभाव विना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा.माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचार संहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीवनको सुनिश्चितता**

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी  नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

५. हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

**जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा**

८. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरु गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने ।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

**शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरुको सुसञ्चालन**

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

**सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग**

१३. युद्धविराम, आचार संहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

१५. कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

**रिहाई र पुनर्स्थापन**

१६. विभिन्न व्यक्तिहरुमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाई गर्दै जाने ।

१७. वेपत्ता नागरिकहरुको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

**<u>वार्ता सहजीकरण</u>**

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

**<u>अनुगमन</u>**

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**<u>विविध</u>**

२२. आचार संहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको सामाधान गरिने ।

२३. प्रस्तावनाको भावना अनुरुप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२४. यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने ।

<u>नेकपा(माओवादी)का तर्फबाट</u>

नाम : कृष्णबहादुर महरा

हस्ताक्षर : [signature]

मिति : २०६३।२।१२

<u>नेपाल सरकारका तर्फबाट</u>

नाम :कृष्णप्रसाद सिटौला

हस्ताक्षर [signature]

मिति : २०६३।२।१२